


# जलवायु सरोकार

## डर्बान जलवायु सम्मेलन २०११ विशेष




जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्र संघीय खाका महासन्धिका पक्ष राष्ट्रहरूको १७ औं सम्मेलन [Seventeenth Session of the Conference of Parties – COP17 to the United Nations Convention on Climate Change (UNFCCC)] र क्योटो अभिसन्धिका पक्ष राष्ट्रहरूको सातौं सम्मेलन [Seventh Session of the Conference of the Parties Serving as the Meeting of the Parties (CMP7) to the Kyoto Protocal] गत मंसिर १२ देखि २५, २०६८ (28 November – 11 December, 2011) सम्म दक्षीण अफ्रिकाको डर्बान शहरमा सम्पन्न भएको छ । डर्बान सम्मेलनको मुख्य कार्यभार क्योटो अभिसन्धिको सन् २०१२ मा पहिलो प्रतिबद्धता अवधि सकिने भएकोले दोस्रो प्रतिबद्धता अवधिका बारेमा निर्णय गर्नुपर्ने, साथै अघिल्लो वर्ष मेक्सिकोको क्यानकुन (COP16) मा निर्णय भएका विषयहरू जस्तैः हरित जलवायु कोष (Green Climate Fund) लाई सुचारू गराउनु, क्यानकुन अनुकूलन खाका (Cancun Adaptation Framework) र प्रविधि संयन्त्र (Technology Mechanism) लगायतका निर्णय कार्यान्वयन गराउने लगायतका विषयवस्तुहरू थिए ।

यस पटकको सम्मेलन अफ्रिकी महादेशमा भएको हुनाले सम्मेलनका निश्कर्षहरूले विकासोन्मुख राष्ट्रहरूका मागलाई धेरै हदसम्म समेट्नेछन् र हरितगृह ग्याँस उत्सर्जन न्यूनिकरण गर्ने दिशामा महत्वपूर्ण मार्गनिर्देश हुनेछ भन्ने आशा धेरैले गरेका थिए । डर्बान सम्मेलनमा भएका केहि महत्वपूर्ण निर्णयहरू यस प्रकार छन् :

- निर्धारित समय भन्दा दुई दिन बढी लम्बिएको सम्मेलनले सम्पुर्ण राष्ट्रहरूलाई अनुकूल हुने बृहत सहमति तयार गर्न "डबार्न मञ्चको बृहत कार्य अगाडि बढाउन तदर्थ कार्यसमूह" (Durban Platform: Ad Hoc Working group on Durban Platform for Enhanced Action, AWG-DPEA), स्थापना गर्ने निर्णय गरेको छ ।
- क्योटो अभिसन्धिको पहिलो प्रतिबद्धता अवधि सन् २०१२ मा सकिने भएकोले दोस्रो प्रतिबद्धता अवधि १ जनवरी सन् २०१३ देखि ३१ डिसेम्बर सन् २०१७ या सन् २०२० सम्म हुने निर्णय भएको छ ।
- सम्मेलनले हरित जलवायु कोषलाई महासन्धि अन्तर्गतको वित्तीय परिचालन निकायको रूपमा स्थापित गरेको छ ।
- सम्मेलनले अनुकूलन सम्बन्धी सम्पूर्ण कार्यहरूलाई व्यवस्थित गर्न अनुकूलन समिति स्थापना गर्ने क्यानकुन अनुकूलन खाकाको निर्णयलाई अघि बढाउँदै १६ सदस्यीय समिति तत्काल गठन गर्ने निर्णय गरेको छ ।
- मध्यकालीन र दीर्घकालीन अनुकूलनका कार्यहरू कार्यान्वयन गर्नकालागि विकासशील देशहरूले राष्ट्रिय अनुकुलन कार्ययोजना (National AdaptationPlan, NAP) तर्जुमा तथा कार्यान्वयन गर्न निर्देशिका तथा ढाँचा तयार भएको छ ।
- जलवायु प्रविधि केन्द्र र संजाल (Climate Technology Center and Network-CTCN) संचालनका लागि आवाश्यक निर्णयहरू साथै, केन्द्र स्थापना गर्न इच्छुक निकायको छनोट गर्ने निर्णय भएको छ ।




# जलवायु परिवर्तनसँग जुध्न अन्तर्राष्ट्रिय प्रयास

**जलवायु परिवर्तनको बढ्दो प्रभाव र यसबाट मानव जातिलाई पुग्ने खतरालाई मध्यनजर गरी अन्तर्राष्ट्रिय स्तरमा यसको न्यूनिकरणका लागि सन् १९९२ को पृथ्वी सम्मेलनमा १५४ राष्ट्रहरूले जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्र संघीय खाका महासन्धि (United Nations Framework Convention on Climate Change (UNFCCC) मा सहमति जनाए ।**

COP17/CMP7
UNITED NATIONS
CLIMATE CHANGE CONFERENCE 2011
DURBAN, SOUTH AFRICA

त्यस पश्चात गत वर्ष क्यानकुनमा सम्पन्न सोह्रौं सम्मेलनले वर्षौंसम्म सुल्झिन नसकेका र छलफलको विषयमात्र बनेका अनुकूलन समिति, प्रविधि कार्यकारी समिति, पक्ष राष्ट्रहरूको सम्मेलन (COP) को मार्गदर्शनमा हुनु पर्ने वित्त संयन्त्र जस्ता विषयहरूको निर्क्योल गरेको थियो ।

त्यसपछि हाल (सन् २०११) सम्म महासन्धिका पक्ष राष्ट्रहरूको सम्मेलन (Conference of Parties-COP) सत्र पटक सम्पन्न भैसकेको छ । जसमध्ये सन् १९९७ मा जापानको क्योटो शहरमा भएको बैठक धेरै महत्वपूर्ण रह्यो । उक्त भेलाद्वारा पारित क्योटो अभिसन्धि (Kyoto Protocol) अनुसार विकसित राष्ट्रहरूले आफ्नो हरितगृह ग्याँस उत्सर्जन, सन् २००८ देखि २०१२ सम्ममा, १९९० को तुलनामा औसतमा ५.२ प्रतिशतले कमी ल्याउनुपर्ने निर्णय भएको थियो । यसै अभिसन्धिमा कार्बनको व्यापार गर्न सकिने व्यवस्था, स्वच्छ विकास संयन्त्र (Clean Development Mechanism) को अवधारण अघि ल्याइएको थियो । यस अनुसार कुनै राष्ट्रले अन्य राष्ट्रहरूमा कार्बनडाइअक्साइड ($CO_2$) उत्सर्जनमा कमी ल्याउने खालका परियोजना संचालन गरी आफ्नो कार्बन उत्सर्जन दरमा कमी ल्याउने दायित्व वहन गर्न सक्ने छन् । यस प्रकृया अनुसार कार्बन बेचेर विकासोन्मुख राष्ट्रहरूले लाभ पाउन सक्ने छन् । यसै अभिसन्धि अन्तर्गत अनुकूलन कोषको स्थापना भयो, जसको अभिप्राय विकासोन्मुख राष्ट्रहरूमा अनुकूलनका कार्यक्रमहरूका लागि सहयोग गर्नु हो । यस सम्मेलन पश्चात क्योटो अभिसन्धिका लागि तदर्थ कार्य समूह (Ad-hoc Working Group on Kyoto Protocol, AWG-KP) बनाई यस विषयमा निरन्तर छलफल अघि बढिरहेको छ ।

सन् २०१२ पछि क्योटो अभिसन्धिको पहिलो प्रतिवद्धता अवधि (सन् २००८ देखि २०१२) सकिने भएकाले त्यस पछि विश्व सहकार्य र सहमतिलाई कसरी अगाडि बढाउने भन्ने प्रमुख मुद्धा बनेको छ । यस विषयमा छलफल गरी टुङ्गोमा पुग्न सन् २००८ मा इन्डोनेसियाको बालीमा सम्पन्न पक्ष राष्ट्रहरूको १३औं सम्मेलन (COP-13) ले दीर्घकालिन सहकार्यका लागि तदर्थ कार्यसमूह (Ad-hoc Working group on Long tern Cooperative Action, AWG-LCA) बनाएको थियो । यस लागि माथि उल्लेखित दुई वटै कार्यसमूहको दुई वर्षे समय अवधि तोकिएको थियो । कार्य समूहहरूले आफ्ना निष्कर्षहरू सन् २००९ को अन्त्यमा डेनमार्कको कोपेनहेगनमा हुने पक्ष राष्ट्रहरूको पन्ध्रौं भेला (COP-15) मा पेश गर्नु पर्ने थियो । तर उक्त अवधिमा कार्यहरू सम्पन्न हुन नसकेको र कोपनहेगन सम्मेलनबाट ठोस उपलब्धि हासिल नभएकोले यी कार्यसमूहहरूको अवधि एक वर्ष थप गर्ने निर्णय भएको थियो । त्यस पश्चात गत वर्ष क्यानकुनमा सम्पन्न सोह्रौं सम्मेलनले वर्षौंसम्म सुल्झिन नसकेका र छलफलको विषयमात्र बनेका अनुकूलन समिति, प्रविधि कार्यकारी समिति, पक्ष राष्ट्रहरूको सम्मेलन (COP) को मार्गदर्शनमा हुनु पर्ने वित्त संयन्त्र जस्ता विषयहरूको निर्क्योल गरेको थियो । तै पनि AWG-KP र AWG-LCA का कार्यहरू नसकिएकोहुँदा क्यानकुन सम्मेलनले यी दुई कार्यसमूहहरूको अवधिलाई निरन्तरता दिएको थियो । साथै क्यानकुन सहमतिले अर्को वर्षसम्ममा छलफल गरी निणर्यमा पुग्नका लागि केहि महत्वपूर्ण विषयहरूलाई १७ औं सम्मेलनका लागि थाँति राखेकाले डर्बानमा सम्मेलन अझ बढी महत्वपूर्ण हुन पुग्यो ।



# डर्बान सम्मेलन

जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्र संघीय खाका महासन्धिका पक्ष राष्ट्रहरूको १७ औं सम्मेलन [Seventeenth Session of the Conference of Parties – COP17 to the United Nations Convention on Climate Change(UNFCCC)] र क्योटो अभिसन्धिका पक्ष राष्ट्रहरू को सातौं सम्मेलन ([Seventh Session of the Conference of the Parties Serving as the Meeting of the Parties (CMP7) to the Kyoto Protocal]) गत मंसिर १२ देखि २५ (Nov 28 – Dec 11, 2011) सम्म दक्षिण अफ्रिकाको डर्वान शहरमा सम्पन्न भएको छ । यसका साथै, महासन्धिको विज्ञान र प्रविधि सम्बन्धी सुझावका लागि सहायक अङ्ग (Subsidiary Body for Scientific and Technological Advice,SBSTA) र कार्यान्वियनका लागि साहायक अङ्ग (Subsidiary Body on Implementation,SBI) हरु को ३५औं बैठक, दिर्घकालिन सहकार्यका लागि तदर्थ कार्यसमुह (AWG-LCA) को १४औं र क्योटो अभिसन्धी अन्तर्गतका कार्यहरू लाई अघि बढाउनका लागि तदर्थ कार्यसमूह (AWG-KP) को १६औ बैठक समेत यही समयमा सम्पन्न भएको थियो । डर्बान सम्मलेलनमा उल्लेख भएका मुख्य निर्णय यहाँ उल्लेख गरिएको छः


COP17/CMP7
UNITED NATIONS
CLIMATE CHANGE CONFERENCE 2011
DURBAN, SOUTH AFRICA

...सन् २०१२ को मध्यमा सुरूगरी सन् २०१५ भित्रमा बाली कार्ययोजनामा उल्लेखित दूर दृष्टि, हरितगृह ग्याँस न्यूनिकरण, अनुकूलन, आर्थिक स्रोत, प्रविधि एवम् क्षमता अभिवृद्धि सम्बन्धमा कानुनन् बाध्यकारी हुने दस्तावेज तयार गरी पक्ष राष्ट्रहरूको २१ औ सम्मेलनमा अनुमोदनका लागि प्रतिवेदन प्रस्तुत गर्ने छ । उक्त दस्तावेज सन् २०२० बाट लागु हुने निर्णय भएको छ ।

## १. डर्बान मञ्च

यस सम्मेलनको "डबार्न मञ्चको बृहत कार्य अगाडि बढाउन तदर्थ कार्यसमूह" (Durban Platform: Ad Hoc Working group on Durban Platform for Enhanced Action, AWG-DPEA), स्थापना गर्ने निर्णय गरेको छ । सबै राष्ट्रहरूलाई अनुकूल हुने किसिमको बृहत सहमति तयार गर्न बनेको तदर्थ कार्य समूहका रूपमा यसलाई लिन सकिन्छ । यस कार्यसमूहले आफ्नो कार्य सन् २०१२ को मध्यमा सुरूगरी सन् २०१५ भित्रमा बाली कार्ययोजनामा उल्लेखित दूर दृष्टि, हरितगृह ग्याँस न्यूनिकरण, अनुकूलन, आर्थिक स्रोत, प्रविधि एवम् क्षमता अभिवृद्धि सम्बन्धमा कानुन बाध्यकारी हुने दस्तावेज तयार गरी पक्ष राष्ट्रहरूको २१ औ सम्मेलनमा अनुमोदनका लागि प्रतिवेदन प्रस्तुत गर्ने छ । उक्त दस्तावेज सन् २०२० बाट लागु हुने निर्णय भएको छ । यस कार्यसमूहका लागि आवाश्यक सुझावहरू आगामी १६ फाल्गुन, २०६८ (फेब्रुअरी २८, २०१२) भित्रमा बुझाउन सकिने छ । साथै, यस सम्मेलनमा भएका उपलब्धिहरू र बाली कार्ययोजना (Bali Action Plan) मा उल्लेख भएका विषयहरूलाई ध्यानमा राखि दीर्घकालीन सहकार्यका लागि तर्दथ कार्य समूह (AWG-LCA) को म्याद अन्तिम पटक एक वर्ष पुनः थप गरिएको छ ।





## २. क्योटो अभिसन्धि

क्योटो अभिसन्धि (Kyoto Protocol) को पहिलो प्रतिबद्धता अवधि (सन् २००८ देखि २०१२) सन् २०१२ मा सकिने भएकोले यसको म्याद थप गर्ने अर्थात दोस्रो प्रतिबद्धता अवधिको बारेमा निर्णय गर्नैं पर्ने दवाब यस सम्मेलनलाई थियो । सम्मेलनले दोस्रो प्रतिबद्धता अवधि १ जनवरी २०१३ देखि ३१ डिसेम्बर २०१७ या २०२० सम्म हुने भन्ने निर्णय गरेको छ । यसमा विकासोन्मुख राष्ट्रहरूले माग गर्दै आएको ५ वर्षे दोस्रो प्रतिबद्धता अवधि समेटिए पनि प्रतिबद्धताको समयावधि कहिले सकिन्छ भन्ने स्पष्ट गरिएको छैन । साथै पहिलो प्रतिबद्धता अवधिमा सन् १९९० को तहमा ५ प्रतिशतले कार्वन उत्सर्जन घटाउने उल्लेख थियो तर दोस्रो अवधिमा कति प्रतिशतले कार्वन उत्सर्जन घटाउने भन्ने निर्णय हुन सकेको छैन । अझ विकसित राष्ट्रहरूलाई प्रतिवद्धता गराउनु पर्नेमा आआफ्नो इच्छा अनुसार उत्सर्जन घटाउने (Voluntary emission reduction) कुरामा जोड दिइएकोछ । त्यसै गरी क्योटो अभिसन्धिमा ६ वटा हरितगृह ग्याँसहरू उल्लेख गरिएकोमा, यस पटकबाट अर्को एक हरितगृह ग्याँस नाईट्रोजन ट्राईफ्लोराईड (Nitrogen trifluoride, $NF_3$) थपी ७ वटा पुऱ्याइएको छ ।

## ३. हरित जलवायु कोष

डर्वान सम्मेलनले क्यानकुनमा स्थापित हरित जलवायु कोषलाई महासन्धी अन्तर्गतको वित्तिय परिचालन निकाय (financial Operating entity of the convention) को रूपमा रहने निर्णय गरेको छ । यस निर्णयसँगै हाल सम्म अन्तरिम वित्तिय परिचालन निकायको रूपमा रहेको Global Environmental Facility, GEF ले गर्दै आएको कार्यहरू आगामी दिनमा हरित जलवायु कोष अन्तगत नै संचालन हुने छन् । यस कोषको परिचालन विकसित र विकासोन्मुख राष्ट्रहरूको समान सहभागितामा बनेको २४ सदस्यीय हरित जलवायु कोष बोर्डले गर्ने निर्णय गरिएको छ । उक्त बोर्डका सदस्यहरूको चयन आगामी फाल्गुन २९, २०६८ (31 March, 2012) सम्ममा भइसक्ने उल्लेख गरिएको छ । उक्त कोषको सचिवालय कुन देशमा रहने भन्ने निर्णय आगामी वर्ष सम्ममा भइसक्ने छ । अहिले अन्तरिम समयका लागि UNFCCC को सचिवालयमा यसको कार्यलय स्थापना गरी कार्य सुचारू गर्ने भनिएको छ ।

COP17/CMP7
UNITED NATIONS
CLIMATE CHANGE CONFERENCE 2011
DURBAN, SOUTH AFRICA

कोषलाई उपलब्ध हुने स्थाई आर्थिक स्रोतको निर्क्योल यस सम्मेलनले गर्न सकेन । हालसम्म दक्षिण कोरियाले केहि रकम उपलब्ध गराउने वाचा बाहेक अन्य स्रोतहरूका बारेमा अन्योल नै रहेको देखिन्छ । यस कोष संचालन गर्न अन्तरीम संरक्षक (trustee) को रूपमा विश्व बैकलाई आमन्त्रण गरिएको छ ।

यी निर्णयहरूका अलवा, विकासोन्मुख राष्ट्रहरू अथवा हाम्रो जस्तो राष्ट्रका लागि महत्व राख्ने, यस कोषलाई उपलब्ध हुने स्थाई आर्थिक स्रोतको निर्क्योल यस सम्मेलनले गर्न सकेन । हालसम्म दक्षिण कोरियाले केहि रकम उपलब्ध गराउने वाचा बाहेक अन्य स्रोतहरूका बारेमा अन्योल नै रहेको देखिन्छ । यस कोष संचालन गर्न अन्तरीम संरक्षक (trustee) को रूपमा विश्व बैकलाई आमन्त्रण गरिएको छ । संरक्षक, हरित जलवायु कोष बोर्ड प्रति उत्तरदायी हुनेछ । संरक्षकको जिम्मेवारी कोषको आर्थिक सम्पत्तिको प्रशासनिक व्यवस्थापन, उपयुक्त वित्त अभिलेख राख्ने र सम्बन्धित विषयमा प्रतिवेदनहरू तयार पार्ने हुने छ ।

## ४. अनुकूलन

विकासोन्मुख राष्ट्रहरू त्यसमा पनि हाम्रो जस्तो अतिकम विकसित राष्ट्रहरूका लागि अनुकूलन अत्यन्त्य महत्वपूर्ण हुन्छ । यस पटकको डर्बान सम्मेलनमा अनुकूलन सम्बन्धी छलफलले धेरै महत्व पायो । सम्मेलनले अनुकूलन सम्बन्धी सम्पूर्ण कार्यहरूलाई व्यवस्थित गर्न अनुकूलन समिति (Adaptation Committee) स्थापना गर्ने क्यानकुन अनुकूलन खाकाको निर्णयलाई अघि बढाउँदै १६ सदस्यीय समिति तत्काल गठन गर्ने निर्णय गरेको छ । यस अघि नै, क्यानकुन अनुकूलन खाका (Cancun Adaptation Framework), मा अतिकम विकसित राष्ट्रहरूको मध्यकालीन र दीर्घकालीन अनुकूलन सम्बन्धी आवश्यकतालाई परिपूर्ति गर्न राष्ट्रिय अनुकूलन


कार्ययोजना (National Adaptation Plan, NAP) बनाउने भनिएको भएता पनि, अन्य विकासोन्मुख राष्ट्रहरूलाई समेत यसले समेट्नु पर्छ भन्ने मागका कारण निर्णयमा पुग्न ढिलाई भएको थियो । समाधान स्वरूप, अन्य कुनै विकासोन्मुख राष्ट्रहरूले NAP बनाउन चासो लिएमा अनुकूलन समितिले आवश्यक सहयोग गर्ने निर्णय गरिएको छ । साथै, राष्ट्रियअनुकुलन कार्यक्रम (National Adaptation Programme of Action, NAPA) का लागि आवश्यक सहयोग अतिकम विकसित राष्ट्रहरूको कोष (Least Developed Country Fund, LDCF) बाट प्राप्त हुने प्रावधान भए जस्तै, NAP बनाउनका लागि समेत यसै कोषको परिचालन गरिने निर्णय भएको छ । स्मरण रहोस, राष्ट्रिय अनुकुलन कार्यक्रम (NAPA) तत्काल गर्नु पर्ने र अत्यन्त्य जरूरी अनुकुलन कार्यलाई प्राथमिक्तामा राख्ने माध्यम हो भने राष्ट्रिय अनुकूलन कार्ययोजना (NAP) ले दीर्घकालीन अनुकूलनका कार्यक्रमहरूलाई समेट्ने छ ।

COP17/CMP7
UNITED NATIONS
CLIMATE CHANGE CONFERENCE 2011
DURBAN, SOUTH AFRICA

विकसित देशहरूबाट स्वच्छ उर्जा तथा वातावरणमैत्री प्रविधिहरू विकासोन्मुख देशहरूमा सजिलैसँग हस्तान्तरण भएमा मात्र विकासोन्मुख देशहरूले आर्थिक विकास, हरितगृह ग्याँसको उत्सर्जनमा कटौती गर्ने र परिवर्तित जलवायुमा अनुकुलित हुन सक्छन् ।

## ५. प्रविधि विकास तथा हस्तान्तरण

विकसित देशहरूबाट स्वच्छ उर्जा तथा वातावरणमैत्री प्रविधिहरू विकासोन्मुख देशहरूमा सजिलैसँग हस्तान्तरण भएमा मात्र विकासोन्मुख देशहरूले आर्थिक विकास, हरितगृह ग्याँसको उत्सर्जनमा कटौती गर्ने र परिवर्तित जलवायुमा अनुकुलित हुन सक्छन् । क्यानकुन सम्मेलन लेयस प्रक्रियालाई सहज पार्न "प्रविधि संयन्त्र" (Technology Mechanism) अन्र्तगत "प्रविधि कार्यकारी समिति" (Technology Executive Committee) र जलवायु प्रविधि केन्द्र र संजाल (Climate Technology Center and Network, CTCN) को स्थापना गर्ने निर्णय गरेको थियो । प्रविधि कार्यकारी समिति स्थापित भइ आफ्ना कार्यहरू अघि बढाइसकेको छ भने जलवायु प्रविधि केन्द्र र संजाल (CTCN) सम्बन्धी केही निर्णयहरू यस सम्मेलनमा भएका छन् । यस केन्द्रको संचालनका लागि आवश्यक निर्णयहरू साथै, केन्द्र स्थापना गर्न इच्छुक निकायको छनोट गर्ने सम्पुर्ण प्रकृयाहरू यस सम्मेलनले तय गरेको छ । यसरी हेर्दा, पक्ष राष्ट्रहरूको आउदो अठारौं सम्मेलनसम्ममा, जलवायु प्रविधि केन्द्रको स्थापना भई हाम्रो जस्तो राष्ट्रहरूका लागि प्रविधिको क्षेत्रमा सहयोग पुग्ने अपेक्षा गर्न सकिन्छ ।




## ६. न्यूनिकरण

मानव सृजित जलवायु परिवर्तन र यो समस्या निम्ताउने प्रमुख कारकतत्व हरितगृह ग्याँसको अत्याधिक उर्त्सन गर्नमा मुख्यतया विकसित राष्ट्रहरू नै जिम्मेवार हुन भन्ने विषयलाई कसैले नकार्न सक्दैन । यो समस्या समाधान गर्न जति ढिला गऱ्यो त्यत्ति नै यसको प्रभाव र असर जटिल हुँदै जानेछ र विकसित राष्ट्रहरूले हरितगृह ग्याँस उत्सर्जन न्यूनिकरण गर्न नेतृत्वदायी भूमिका खेल्नु पर्दछ । तर उत्सर्जन घटाउन बाध्यकारी नियमहरू बनाउने भन्दा पनि आफ्नो अर्थतन्त्रलाई असर पुग्ने भन्दै विभिन्न कानुनन् बाध्यकारी नहुने नियमहरू खोज्ने नियत धनी राष्ट्रहरूको देखिएको छ । त्यसै अनुरूप, कोपनहेगन सम्मेलन (२००९) बाट थालनी गरिएको, विकसित राष्ट्रहरूले आफ्नो आर्थिक पक्षलाई ध्यानमा राखी कार्बन उत्सर्जन घटाउन गर्ने वाचा प्रणालीलाई Quantified economy wide emission reduction target यस सम्मेलनले निरन्तरता दिएको छ । विकासोन्मुख राष्ट्रहरूको हकमा यसअघिका सम्मेलनमा भनिए झैं, राष्ट्रियस्तरमा अनुकूलन र न्यूनिकरणका कार्यहरूको सुचि तयार गर्न र न्यून-कार्बन विकास रणनीति बनाउन भनिएको छ । साथै, रेड सम्बन्धी परिणाममुखी कार्यहरू गर्न चाहिने लगानीका बारे छलफल भए पनि निश्कर्षमा पुग्न सम्मेलन असफल भयो । यस विषयमा निचोडमा पुग्नका लागि अझ बढि परामर्श, सुझावहरू संकलन गर्ने र बिचार गोष्ठी आयोजना गर्ने भनिएको छ । त्यसै गरी गएको वर्षबाट औपचारिक रूपमा छलफलको विषय बनेको कृषि, हवाई र जल यात्राबाट हुने उत्सर्जन र यस क्षत्रमा गरिनु पर्ने कार्यहरूका बारे अझ छलफल गरी अगाडी बढ्ने भनिएको छ ।

COP17/CMP7
UNITED NATIONS
CLIMATE CHANGE CONFERENCE 2011
DURBAN, SOUTH AFRICA

यो समस्या समाधान गर्न जति ढिला गऱ्यो त्यत्ति नै यसको प्रभाव र असर जटिल हुँदै जानेछ र विकसित राष्ट्रहरूले हरितगृह ग्याँस उत्सर्जन न्यूनिकरण गर्न नेतृत्वदायी भूमिका खेल्नु पर्दछ ।

# डर्बान सम्मेलनमा वित्तीय सवाल




*-राजु पण्डित क्षेत्री*

जलवायु परिवर्तन सम्बन्धि अन्र्तराष्ट्रिय वार्तामा वित्तीय मुद्दा यउटा महत्वपूर्ण सवाल रहिआएको छ । विशेषगरी यो सवालमा धनी राष्ट्रहरूले विकासोन्मुख राष्ट्रहरूलाई जलवायु परिवर्तनका असरबाट अनुकूलित हुन र न्यून कार्बन उत्सर्जन विकास प्रणालीमा अग्रसर हुन कसरी सहयोग पुर्‍याउने भन्ने विषयमा छलफल हुँदैआएको छ । छलफल धेरै लामो र पटक पटक भए पनि खास उल्लेख्य सफलता भने मिलेको छैन । UNFCCC दस्तावेजमै जलवायु परिवर्तनको मुद्दामा धनी राष्ट्रहरूले गरीव राष्ट्रहरूलाई सहयोग पुर्‍याउनु पर्ने भनेर उल्लेख गरिएको छ । यसै आधारमा अन्र्तराष्ट्रिय वार्तामा अहिले सम्म धनी राष्ट्रहरूले वित्तीय परिचालन गर्न धरै घोषणा गरिसकेकाछन् तर जब निकासीको कुरा आउँछ अलमल र झन्झटिलो प्रक्रियामा नै धेरै समय बितेको छ । उदाहरणको लागि २००१ सालमा मोरोक्कोको माराकेशमा भएको पक्ष राष्ट्रहरूको सातौं सम्मेलनले अतिकम विकसित राष्ट्रहरूलाई (LDC) सहयोग गर्न UNFCCC अन्तर्गत दुईवटा कोष -Least Developed Countries Fund / Special Climate Change Fund_ स्थापना गर्ने निणर्य गर्‍यो । रकम परिचालन गर्न यी राष्ट्रहरूले माग अनुसार राष्ट्रिय अनुकूलन कार्यक्रम पनि बनाए तर यी स्थापित कोषमा कार्यक्रम सञ्चालन गर्न रकम निकासा भने भएन ।

यसै आधारमा अन्र्तराष्ट्रिय वार्तामा अहिले सम्म धनी राष्ट्रहरूले वित्तीय परिचालन गर्न धरै घोषणा गरिसकेकाछन् तर जब निकासीको कुरा आउँछ अलमल र झन्झटिलो प्रक्रियामा नै धेरै समय बितेको छ ।

सन् २००९ मा डेनमार्कको कोपनहेगनमा भएको १५औं सम्मेलनले धरै चर्चा पायो । यो सम्मेलनको एउटा मुख्य सवाल मध्य वित्तीय पनि थियो । १३२ राष्ट्रका राष्ट्र प्रमुख उपस्थित भएको भेलाले धनी राष्ट्रहरूले गरीव राष्ट्रहरूलाई तीन वर्षको लागि ३० अर्ब डलर दिने र सन् २०२० सम्ममा यो रकम बढाए र १०० अर्ब डलर पुर्याउने राजनीतिक घोषणा गर्‍यो । यसैप्रति वर्ष गरी सन् २०१० मा मेक्सिकोको क्यानकुनमा भएको १६औं सम्मेलनले अघिल्लो घोषणालाई कार्यान्वयन गर्न हरित जलवायु कोष (Green Climate Fund) स्थापना गरेर रकम परिचालन गर्ने निर्णय गर्‍यो । यो कोषका स्रोत के के हुनेछन्, कुन संरचनाबाट रकम परिचालन गर्ने र यसलाई कस्तो किसिमको समितिले सञ्चालन गर्ने भन्ने निर्णय गर्न एउटा अन्तरिम समिति (Transitional Committee) पनि उक्त सम्मेलनले बनायो । यो समितिले वर्षभरी काम गरेर आफ्नो प्रतिवेदन COP अध्यक्षलाई बुझायो । धेरै छलफल भए पनि प्रतिवेदन समिति भित्र सर्वसम्मत भइसकेको थिएन । डबार्न सम्मेलन शरू हुनु भन्दा पहिले नै अन्तरिम समितिको



प्रतिवेदन पारित हुने र वित्तीय मुद्दामा एउटा कोषेढुंगा हुने अनुमान गरिएको थियो । तर सम्मेलन सोचे जस्तो भने भएन । धेरै छलफल, मन्थन भए र असहमतीहरू आए । संयुक्त राज्य अमेरिका, साउदी अरेयिबा जस्ता मुलुकहरूले खुलेर असहमती जनाए । सम्मेलनको अध्यक्षता गरिरहेको राष्ट्र दक्षीण अफ्रिका भने यो प्रतिवेदन छलफल नगराई पारित गराउने पक्षमा थियो ।

निर्धारित समय भन्दा दुई दिन लम्बिएको डर्बान सम्मेलनले अनन्त हरित जलवायु कोष स्थापना गर्ने क्यानकुन सम्मेलनको सहमतीलाई कार्यान्वयन गर्न २४ सदस्यीय हरित जलवायु कोष बोर्ड (१२ विकसित राष्ट्र र १२ विकासोन्मुख राष्ट्र) बनाउने निर्णय गरेको छ । कोषको अन्तरिम सचिवालय को र कहाँ हुने र कोषमा जम्मा भएको रकम अनुकूलन र न्यूनिकरणमा कसरी विभाजन गर्ने भन्ने कुरा निर्णय गर्ने जिम्मा बोर्डलाई दिइएको छ । प्रति वर्ष १०० अर्ब डलर परिचालन गर्ने कोष स्थापित भए पनि रकमको स्रोत के हुने भन्ने महत्वपूर्ण विषयमा भने अझै टुङ्गो लाग्न सकेन । सम्मेलनमा केही स्रोत निजी क्षेत्र र केही नवीन स्रोत (innovative) बाट पुरा गर्ने छलफल भएपनि निर्णय हुन सकेन । यो सहयोग विकासोन्मुख राष्ट्रहरूलाई दिइरहेको आधिकारिक विकास सहायता (Official Development Assistance –ODA) मा थपहुने कि नहुने भन्ने विषयमा पनि प्रष्ट पारिएन ।

निर्धारित समय भन्दा दुई दिन लम्बिएको डर्बान सम्मेलनले अनन्त हरित जलवायु कोष स्थापना गर्ने क्यानकुन सम्मेलनको सहमतीलाई कार्यान्वयन गर्न २४ सदस्यीय हरित जलवायु कोष बोर्ड (१२ विकसित राष्ट्र र १२ विकासोन्मुख राष्ट्र) बनाउने निर्णय गरेको छ । कोषको अन्तरिम सचिवालय को र कहाँ हुने र कोषमा जम्मा भएको रकम अनुकूलन र न्यूनिकरणमा कसरी विभाजन गर्ने भन्ने कुरा निर्णय गर्ने जिम्मा बोर्डलाई दिइएको छ ।

वित्तीय सवालमा डर्बान सम्मेलनले गरीब र विकासोन्मुख राष्ट्रहरूलाई केही आशा जगाए पनि आश्वासन मात्रै बढेको छ । कोषमा रकम जम्मा भएर त्यसमा गरीब देशको पहुँच नपुग्दासम्म यसबाट फाइदा हुन्छ र जलवायु परिवर्तनको असरबाट मुक्त पाउन सकिन्छ भन्ने कुरा कल्पना मात्र हुनेछ ।

# डबार्न सम्मेलनमा अनुकूलन सम्बन्धी निर्णय र नेपालले अब गर्नु पर्ने तयारीहरू

***-युगान मानन्धर***

राष्ट्रिय अनुकूलन कार्यक्रम (National Adaptation Programme of Action, NAPA) अतिकम विकसित देशहरूले अत्यन्त जरूरी र तत्कालै गर्नुपर्ने अनुकूलनका प्राथमिकता पहिचान गर्ने माध्यमका रूपमा अघि सारिएको थियो । नापाको अवधारणा जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्र संघीय खाका महासन्धीको धारा ४.९ मा आधारित रहि सन् २००१ मा मोरोक्कोको माराकेशमा भएको पक्ष राष्ट्रहरूको ७ औं सम्मेलनका निर्णयहरू मार्फत अघि बढाइएको हो । यस अन्तर्गत नापा प्रक्रिया सम्बन्धी निर्णय, नापाको मापदण्ड सम्बन्धी निर्णय र नापा निर्माण र कार्यान्वयनमा सहयोग पुऱ्याउन अतिकम विकसित देशको विज्ञ समूह (LDC Expert Group) बनाउने निर्णयहरू उक्त सम्मेलनबाट पारित भएका थिए । यिनै आधारमा टेकेर अधिकांश अतिकम विकसित देशहरूले नापा तयार गरी UNFCCC मा प्रतिवेदन पेश गरिसकेका छन् तर कार्यान्वयनको पक्षमा भने आशातित प्रगति भएको छैन ।





नापाको अनुभवले मध्यकालीन र दीर्घकालीन अनुकूलन कार्ययोजना बनाउने आधार बन्यो । यसरी अतिकम विकसित देशहरू र अन्य विकासोन्मुख देशहरूले जलवायु परिवर्तनका मध्यकालीन र दीर्घकालीन जोखिमहरू विश्लेषण गर्ने र तदनुसारका अनुकूलन कार्ययोजना बनाउनुपर्ने आवश्यकता महशुस गरी राष्ट्रिय अनुकूलन कार्ययोजना (National Adaptation Plan-NAP) सम्बन्धी अवधारणा विकास भयो । NAP को परिकल्पना नापाका अनुभवमा आधारित रही, जलवायु परिवर्तनका जोखिम र अनुकूलनलाई सबै दीगो विकास योजनाहरूमा मूलप्रवाहीकरण गर्न मेक्सिकोको क्यानकुनमा भएको पक्ष राष्ट्रहरूको १६औं सम्मेलनमा छलफलमा ल्याइयो । NAP लाई भर्खरै डर्बानमा सम्पन्न पक्ष राष्ट्रहरूको १७ औं सम्मेलनले अनुमोदन गरेको छ । NAPA र NAP लाई पृथक अवधारणाका रूपमा लिन मिल्दैन । NAP हरू नापा कार्यान्वयनका अनुभवहरूका आधारमा बनाइनु पर्छ । यसका निमित्त अतिकम विकसित देशहरू (जसमा नेपाल पनि पर्छ,) ले नापा कार्यान्वयनका निम्ति तुरून्तै रकम प्राप्त गर्नु पर्दछ ताकि यसबाट हासिल हुने अनुभव र सिकाईहरू प्रयोग गरेर मध्यकालीन र दीर्घकालीन जोखिम विश्लेषण र अनुकूलन योजना बनाउन सकियोस् । NAP लाई पनि दस्तावेज तयार गर्ने मात्रैमा सिमित गरिनु हुँदैन र अतिकम विकसित देशहरूलाई नापा कार्यान्वयन गर्न महासन्धी अर्न्तगत या अन्य द्विपक्षीय वा बहुपक्षीय माध्यमबाट धनी राष्ट्रहरूले आर्थिक सहायता प्रदान गरी उनीहरू (अतिकम विकसित देशहरू) लाई NAP, नापाको पुरक हुनेछ भन्ने विश्वास दिनु पर्दछ ।

COP17/CMP7
UNITED NATIONS
CLIMATE CHANGE CONFERENCE 2011
DURBAN, SOUTH AFRICA

यसका निमित्त अतिकम विकसित देशहरू (जसमा नेपाल पनि पर्छ,) ले नापा कार्यान्वयनका निम्ति तुरून्तै रकम प्राप्त गर्नु पर्दछ ताकि यसबाट हासिल हुने अनुभव र सिकाईहरू प्रयोग गरेर मध्यकालीन र दीर्घकालीन जोखिम विश्लेषण र अनुकूलन योजना बनाउन सकियोस् ।

नेपालले NAP बाट कसरी लाभ लिने भन्ने विषयमा अहिले देखिनै लागिपर्नु पदर्छ । डर्बान सम्मेलनले NAP तयार गर्नका लागि रूपरेखा र मापदण्ड तयार गरिसकेकाले अब फेब्रुअरी २०१३ सम्ममा यस सम्बन्धी प्रतिकृया दिने बाहेक यस विषयमा थप वार्ता र छलफलको जरूरी छैन । उता नेपालको नापाका प्राथमिकताका आयोजनाहरू मध्ये १, ३ र ४ कार्यान्वयनका लागि विभिन्न दातृ निकायहरूले केही रकम प्रवाह गर्ने प्रतिवद्धता जनाइसकेका छन् । यसरी नापाको कार्यान्वयनको शुरूवातसँगै नेपालले नापाले पहिचान गरेका वा नगरेका क्षेत्रमा समेत जलवायु परिवर्तनका जोखिम र संकटासन्नतालाई मूलप्रवाहीकरण गर्ने कार्य थालनी गर्नु पर्दछ । यसबाहेक सम्बन्धित मन्त्रालयहरू, ति अर्न्तगतका निकायहरू र अन्य नागरिक समाजका सरोकारवालाहरूसँग मिलेर सुसँगत रूपले कार्य गर्नु पनि महत्वपूर्ण हुनेछ । गैर-सरकारी क्षेत्रहरूबाट भैरहेका अनुकूलन सम्बन्धी कार्यहरूबाट पनि बहुमुल्य अनुभवहरू ग्रहण गर्नु पर्दछ ।

दीर्घकालीकता NAP को एक सवाल हुनेछ र यो एक निरन्तर चलिरहने प्रक्रिया र जीवन्त दस्तावेज हुनेछ । जलवायु जोखिमबाट कुनै पनि क्षेत्र अछुतो नरहने भएकाले NAP ले सबै क्षत्रलाई ढिला या चाँडो समेट्नु पर्दछ । नापाले प्राथमिकतामा राखेका क्षेत्रहरू पहिलो प्राथमिकतामा पर्न सक्छन् र अन्य नयाँ क्षेत्रहरू र पुरानै समस्या पनि नयाँ र भिन्न किसिमले सतहमा आउन सक्छन् । तर NAP एउटा समावेशी र तलबाट माथि जाने योजना प्रक्रिया हुनु पर्छ जसले सबै क्षेत्रहरू, स्थानीय योजनाहरू र राष्ट्रिय योजनाहरूलाई प्रतिबिम्बित गर्नसकोस् । नेपालले नापा प्रक्रियाको सफलता र असफलता मध्यनजर गर्नु पर्दछ । NAP तयारी सुरू गर्दा नापा तयारी र विकास गर्दा संस्थागत प्रबन्ध, संयोजन, क्षमता, विज्ञता, सूचना प्रवाह, आर्थिक संकलन, लगायतका विषयमा के सही र के गलत भयो भन्ने कुराले महत्व राख्ने छ । यी कुराहरू सम्बोधन गरिसके पश्चात नेपालले NAP का मापडण्डहरू विश्लेषण गरी NAP प्रक्रिया शुरूगर्ने र आवश्यक परे मापडण्ड परिवर्तन गर्न UNFCCC लाई प्रतिकृया दिन सक्नेछ ।

# प्राज्ञिक क्षेत्रको दृष्टिकोणमा जलवायु परिवर्तन सम्बन्धी अर्न्तराष्ट्रिय वार्ता

*– प्रा.डा. मदन कोइराला*

दक्षीण अफ्रिकाको डर्बान शहरमा सम्पन्न जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्र संघीय खाका महासन्धिका पक्ष राष्ट्रहरूको १७औं सम्मेलनमा सहभागी भएर फर्केपछि अधिकांश प्रतिनिधी र सहभागीहरू संस्थागत रूपमा आफ्ना उपलब्धी र कमजोरी लगायत आगामी अर्न्तराष्ट्रिय वार्तामा कसरी प्रस्तुत हुने बारे तयारी, बिवेचना र रणनीति तर्जुमा गर्नेमा लागिसकेका छन् ।


यसै सन्दर्भमा, विषयगत तवरमा सशक्त रूपमा स्थापित हुंदै गइरहेको "जलवायु परिवर्तन" विषय र खासगरी यस सम्बन्धि अन्तर्राष्ट्रिय वार्ता प्राज्ञिक क्षेत्रको पनि चासो अझ प्राथमिकताको विषयवस्तु बन्दै गइरहेको छ । जलवायु परिवर्तनका प्राविधिक पक्षसँगै गांसिएको विषयगत गाम्भिर्यताका साथै बुझाई तथा श्रोत माथिको पहूँचसँग सम्बन्धित अन्तर्राष्ट्रिय वार्ता तथा छलफलका ज्ञान, शीप र शैलीका कुराहरू पनि प्राज्ञिक क्षैत्रकालागि समसामयिक विषयवस्तु हुन् । संचारसँगको सहज वा बढ्दो पहूँचको कारण खास गरी युवा पुस्ता जलवायु परिवर्तनको प्राविधिक ज्ञानसँगसँगै अन्तर्राष्ट्रिय वार्ताहरूमा प्रयोगहुने भाषा, शैली सिक्न, सहभागी हुन इच्छुक तथा जागरूक देखिन्छ । युवा पुस्ताको यो ज्ञान प्राप्तिको सहजीकरणको लागि पनि प्राज्ञिक क्षेत्र यो विषय प्रति केन्द्रित हुन आवश्यक छ ।

COP17/CMP7
UNITED NATIONS
CLIMATE CHANGE CONFERENCE 2011
DURBAN, SOUTH AFRICA

संचारसँगको सहज वा बढ्दो पहूँचको कारण खास गरी युवा पुस्ता जलवायु परिवर्तनको प्राविधिक ज्ञानसँगसँगै अन्तर्राष्ट्रिय वार्ताहरूमा प्रयोगहुने भाषा, शैली सिक्न, सहभागी हुन इच्छुक तथा जागरूक देखिन्छ । युवा पुस्ताको यो ज्ञान प्राप्तिको सहजीकरणको लागि पनि प्राज्ञिक क्षेत्र यो विषय प्रति केन्द्रित हुन आवश्यक छ ।

जलवायु परिवर्तन परिषद, जस्तो नीतिगत निकाय गठन गरेको, जलवायु परिवर्तन नीति पारित भैसकेको, राष्टिय अनुकुलन नीति पारित भै स्थानीय अनुकुलन योजना लागु हुन थालेको वर्तमान परिप्रेक्ष्यमा समेत श्रोत साधन विनियोजनमा सामान्यतः उपेक्षित रहेको नेपाली शैक्षिक प्राज्ञिक क्षेत्र तत्कालै समेटिनु पर्छ । जलवायु परिवर्तन सम्बन्धीत अध्ययन, अनुसन्धान, सूचना संकलन र विश्लेषण, संश्लेषण गर्ने नियमित र दिगो माध्यम शैक्षिक क्षेत्रलाई आर्थिक श्रोत प्रवाहीकरणमा सबल गर्नुपर्ने सबै सरोकारवाला पक्षको दायित्व ठहर्छ ।

खासगरी सरकारको प्राथमिकता कार्यक्रममा यो क्षेत्र पर्नु पर्छ । त्यसैगरी सचेतना अभिवृद्धि, संजाल निर्माण, सशक्तिकरण वा विधागत क्षेत्र (कृषि, वन, स्वास्थ्य, जल, संरचना वा सुशासन आदि) विशेषमा काम गर्ने अन्तरसरकारी, अर्ध सरकारी वा गैर सरकारी संघ संस्थाले पनि शैक्षिक प्राज्ञिक क्षेत्रलाई एक विश्वासिलो सहयात्री वा माध्यम बनाएमा जलवायु परिवर्तनको असर सम्बोधन गर्ने कुरा फलदायी एवं दीगो हुनेछ । शैक्षिक क्षेत्रलाई जलवायु परिवर्तनको असरसम्बन्धी अध्ययन, अनुसन्धान वा न्यूनीकरण सम्बन्धी सम्पुर्ण प्रणालीमा समावेश गर्न सकेमा शैक्षिक क्षेत्र साथै सहभागी सरोकारवाला अन्ततः राज्य नै लाभान्वित हुने कुरामा विश्वस्त हुन सकिन्छ ।





# जलवायु सम्मेलन र नेपाली संचार माध्यमको भूमिका

*–रमेश प्रसाद भुसाल*

विश्वकै चासोको रुपमा स्थापित जलवायु परिवर्तन सम्बन्धी सम्मेलनमा प्रत्येक वर्ष सरकारी पदाधिकारी, गैरसरकारी संस्था, दातृनिकाय र संचारमाध्यम लगायतका हजारौं प्रतिनिधिहरू सहाभागि हुन्छन् । केहि वर्ष यता यस्ता सम्मेलनहरू नेपालीहरू माझ पनि चर्चाको विषय बन्दै आइरहेकाछन् । खासगरी २००९ मा भएको कोपनहेगन सम्मेलनपछि । अन्तर्राष्ट्रिय सम्मेलनहरू नेपाली सञ्चारमाध्यमका खासै चासोका विषय होइनन् तर जलवायु परिवर्तन सम्बन्धी भएका सम्मेलनहरुमा केही वर्षयता निरन्तर रुपमा नेपाली पत्रकारको पनि सहभागिता रहदैआएको छ ।

विश्वभरिबाट हरेक वर्ष हजारभन्दा माथिको संख्यामा पत्रकारहरू जलवायु सम्मेलनमा भाग लिन सम्मेलनस्थलमा पुग्ने गर्छन् । तथ्याङ्क अनुसार २००७ मा इन्डोनेशियाको बालीमा भएको सम्मेलनमा भाग लिन तीन नेपाली पत्रकार पुगेका थिए भने २००८ मा पोल्याण्डमा भएको सम्मेलनमा नेपाली पत्रकारको उपस्थिति शून्य थियो, सन् २००९ मा कोपनहेगन शहरमा सहभागिता एक्कासी बढ्यो जहां १७ नेपाली पत्रकार सहभागी थिए । यो सम्भवत सबैभन्दा धेरै पत्रकारहरू पुगेको अन्तर्राष्ट्रिय सम्मेलन हो । यसरी बढेको सहभागिता सन् २०१० र २०११ मा अत्यन्तै न्यून देखियो जसमा क्रमशः १ र २ जना मात्र पत्रकारको सहभागिता थियो । यो तथ्याङ्कले के देखाउछ भने जलवायु परिवर्तन नेपाली संचारमाध्यमका लागि "आए आँप गए झटारो" भन्ने खालको छ । आफ्ना संबाददाता गएपनि ठिकै छ नगएपनि खासै फरक पर्दैन भन्ने धारणा संचारमाध्यमको रहेको पाइन्छ ।

संचारगृहले अन्तर्राष्ट्रिय सम्मेलनमा सहभागी गराउन संवाददातालाई विरलै आर्थीक सहयोग गर्छन जसका कारण संवाददाताले दातृनिकाय वा गैरसरकारी संस्थामा भर पर्नुपर्ने हुन्छ । यहि कारणले गर्दा विषयको आवश्यकता भन्दा पनि कति सहयोग प्राप्त हुन्छ भन्ने कुराले नेपाली पत्रकारको सहभागिता निर्धारण हुने गरेको तथ्याङ्कले देखाउँछ । महत्वको हिसावले सन् २००९मा भएको कोपनहेगन सम्मलेनभन्दा सन् २०१० को क्यानकुन सम्मेलन फरक थिएन तर पत्रकारको सहभागितामा कमी हुनुको कारण आर्थिक नै हो ।

जलवायु परिवर्तन भन्ने वित्तिकै हामी हावा पानीको विषयमा हुने छलफल मात्र बुझ्दछौ जुन स्वाभाविक पनि हो तर वास्तवमा हालका दिनहरूमा जलवायु परिवर्तन सम्मेलन हावा पानी भन्दा बढी वातावरणीय न्याय, विश्व अर्थतन्त्र र त्यसको सेरोफेरोमा हुने राजनितिमा केन्द्रित हुँदै गएका छन् । सामान्यतया यो विषयमा रिपोटिङ्ग गर्ने सम्वाददाताहरूमा पनि यो विशुद्ध हावापानीको वैज्ञानिक तथ्याङ्कको सेरोफेरोमा रहेको विषय हो र जटिल विज्ञान बुझेर साध्य छैन भन्ने मानसिकता रहेको देखिन्छ । अवश्य पनि जलवायु विज्ञान एउटा जटिल विषय हो तर यो विज्ञानमात्र नभएर विश्व राजनीति, अर्थतन्त्र र वातावरणीय न्यायको छलफलको केन्द्रविन्दु बन्दैगएको छ । जुन अत्यन्त जटिल छ र रोचक पनि । त्यसै कारणले वातावरण पत्रकारका लागी यस्ता सम्मेलन समग्र वातावरणीय राजनीति बुझ्ने अवसर हो । वातावरण पत्रकारका लागि यो चानचुने अवसर होइन किनभने विश्वभरिका हजारौ वातावरण पत्रकारसँग छलफल गर्ने अवसर विरलै पाइन्छ ।

COP17/CMP7
UNITED NATIONS
CLIMATE CHANGE CONFERENCE 2011
DURBAN, SOUTH AFRICA

...जलवायु परिवर्तन भन्ने वित्तिकै हामी हावा पानीको विषयमा हुने छलफल मात्र बुझ्दछौ जुन स्वाभाविक पनि हो तर वास्तवमा हालका दिनहरूमा जलवायु परिवर्तन सम्मेलन हावा पानी भन्दा बढी वातावरणीय न्याय, विश्व अर्थतन्त्र र त्यसको सेरो फेरोमा हुने राजनितिमा केन्द्रित हुँदै गएका छन् । सामान्यतया यो विषयमा रिपोटिङ्ग गर्ने सम्वाददाताहरूमा पनि यो विशुद्ध हावापानीको वैज्ञानिक तथ्याङ्कको सेरोफेरोमा रहेको विषय हो र जटिल विज्ञान बुझेर साध्य छैन भन्ने मानसिकता रहेको देखिन्छ ।

दातृनिकायका चासो, सरकारका अडान, युवाहरूको दवावका बीचमा हुने सम्मेलन सामान्य वातावरणीय सम्मेलन मात्र नभएर विश्व राजनीति, अर्थतन्त्र र त्यसको सेरोफेरोको बहस भएकाले नेपालजस्तो अतिकम विकसित मुलुकका जनतालाई यसबारेमा सुसूचित गराउनु नेपाली संचारमाध्यमको दायित्व हो र संचारगृहहरूले यस्ता सम्मेलनमा भाग लिन आफ्ना संवादाताहरूलाई प्रोत्साहित गर्न आवश्यक छ भने पत्रकार आफै पनि यसमा गहन तरिकाले लाग्नु जरूरी छ ।




# रेड सम्बन्धी छलफल र डर्बान सम्मेलन

***-दिलराज खनाल***

वन विनास र वन क्षय न्यूनिकरणद्वारा उत्सार्जन कटौति (Reducing Emission from Deforestation and Forest Degradation, REDD / पछि REDD+) सम्बन्धि दृष्टिकोण २००७ मा बालीमा सम्पन्न पक्ष राष्ट्रहरूको १३औं सम्मेलनबाट शुरूवात भएको थियो । वन जंगलले कार्वनडाइअक्साइड सोसेर जम्मा गरिराख्ने हुँदा वन जंगलको विनाश र क्षयीकरण कम गर्न विकासोन्मुख देशहरूलाई आवश्यक आर्थिक सहयोग उपलब्ध भए हरितगृह ग्याँस उत्सर्जन न्युनिकरण पनि हुने र विकासोन्मुख देशहरूको आर्थिक अवस्थामा पनि सुधार हुने हेतुले रेडको अबधारणा अघि सारिएको थियो ।

COP17/CMP7
UNITED NATIONS
CLIMATE CHANGE CONFERENCE 2011
DURBAN, SOUTH AFRICA

अन्तर्राष्ट्रिय वार्ताहरूमा खासगरी कसरी रेड कार्यान्वयन कसरी गर्ने भन्दा पनि रेडले कसलाई फाइदा पुऱ्याउनु पर्छ भन्नेमा धेरै छलफल हुनेगरेको छ जो स्वाभाविक पनि हो किनभने वन जंगलमा आश्रित समुदाय नै यसका हकदार हुन् । यस पटकको डर्बान सम्मेलनमा वन क्षेत्रमा कार्वन उत्सर्जन कटौतिका लागि क्यानकुन सम्झौतामा उल्लेख भए अनुसारका क्रियाकलापहरू गर्दा अधिकार सुरक्षाका उपयाहरूको प्रवर्द्धनका साथै अनूकुलन र न्यूनिकरणको अन्तरसम्बन्ध कायम गर्ने, गरिवी न्यूनिकरण गर्ने र जैविक विविधता एवं पारिस्थितिक प्रणालीलाई फाईदा पुऱ्याउने कुरालाई मान्यता प्रदान गर्ने निर्णय गरिएको छ । विकासोन्मूख देशहरूलाई उपलब्ध गराइने परिणाममा आधारित आर्थिक स्रोत (results-based finance) का माध्यमहरू नयाँ, अतिरिक्त र पूर्वानूमान गर्न सकिने किसिमका हुने र यसका स्रोतहरू वृहद विविधता सहित सार्वजनिक र निजी, द्विपक्षीय र बहुपक्षीयका साथै अन्य वैकल्पिक स्रोतहरू पनि हुन सक्ने पनि सम्मेलनले निर्णय गरेको छ । आगामी ५ मार्च २०१२ भित्रमा पक्ष राष्ट्र र पर्यवेक्षकहरूले परिणाममूखी क्रियाकलापहरू (results-based actions) का लागि आर्थिक स्रोत उपलब्ध गराउँने ढाँचा र कार्यविधिहरू कस्तो हुनुपर्छ भनी आफ्ना दृष्टिकोणहरू उपलब्ध गराउनु पर्ने र यसरी प्राप्त दृष्टिकोणहरूलाई सचिवालयले एकत्रित गरी प्रतिवेदन तयार गर्ने र यस विषयमा छलफल गरी निष्कर्षहरू तयार गरी UNFCCC को COP18 मा पेश गर्ने समेत यसै सम्मेलनले निर्णय गरेको छ ।

अन्तर्राष्ट्रिय वार्ताहरूमा रेड एउटा विवादास्पद विषय रहि आएको छ । खास गरी कसरी रेड कार्यान्वयन गर्ने भन्दा पनि रेडले कसलाई फाइदा पुऱ्याउनु पर्छ भन्नेमा धेरै छलफल हुनेगरेको छ जो स्वाभाविक पनि हो किन भने वन जंगलमा आश्रित समुदाय नै यसका हकदार हुन् । यस पटकको डर्बान सम्मेलनमा वन क्षेत्रमा कार्वन उत्सर्जन...

यी लगायत रेड सम्बन्धि विभिन्न निर्णयहरू डर्बान सम्मेलनले गरेको छ तर अझै पनि कार्यप्रणाली र कार्यान्वयन ढाँचा सम्बन्धमा सहमति हुन बाँकी धेरै विषयहरूलाई पक्ष राष्ट्रहरूको १८औं सम्मेलनमा निर्णय गरिने भनिएको छ ।





## डर्बान सम्मेलनमा अतिकम विकसित राष्ट्र (LDC) हरूसँग सम्बन्धित केही महत्वपूर्ण निर्णयहरू

अतिकम विकसित राष्ट्र कोष (LDCF) सम्बन्धी छलफलमा यस कोषको संचालक Global Environment Facility लाई यस कोषबाट सहयोग प्राप्त गर्न आवश्यक प्रकृया र परियोजनाको आधार रेखा (Base Line) का बारेमा अतिकम विकसित राष्ट्रहरू लाई जानाकारी गराउन भनिएको छ ।

क्षति र नोक्सान (Loss and Damage) बारे छलफल गर्न विज्ञहरूको छनोट गर्दा अतिकम विकसित राष्ट्रहरूका विज्ञहरू लाई विशेष ग्राहयता दिइने निर्णय भएको छ । राष्ट्र अनुकूल न्यूनिकरणका कार्यहरू (Nationally Appropriate Mitigation Actions) को प्रतिवेदन बुझाउन गरिएको निर्णयमा, अतिकम विकसित राष्ट्रहरूको हकमा भने समय सीमा खुकुलो पारिएको छ ।

अनुकूलन समिति (Adaptation Committee), प्रविधि कार्यकारी समिति (TEC) र हरित जलवायु कोष (GCF) हरूमा अतिकम विकसित राष्ट्रहरूका तर्फबाट एक एक जना प्रतिनीधि रहने व्यवस्था गरिएको छ । अनुकूलन समितिका बैठकहरूमा अतिकम विकसित राष्ट्र विज्ञ समुहका प्रमुखले सहभागी हुन पाउने सहमति भएको छ ।

साथै राष्ट्रिय अनुकुलन योजना (NAP), प्रविधि विकास तथा हस्तान्त्रण र स्वच्छ विकास संयन्त्र सम्बन्धि छलफलमा अतिकम विकसित राष्ट्रहरू लाई विशेष महत्व दिएको पाइन्छ ।

COP17/CMP7
UNITED NATIONS
CLIMATE CHANGE CONFERENCE 2011
DURBAN, SOUTH AFRICA

विभिन्न देशका उच्च पदस्थ अधिकारी र अन्तर्राष्ट्रिय संस्थाहरूका प्रतिनिधि सम्मिलित उक्त इभेन्टमा उनीहरूले नेपालको यस अभियानमा सहयोग र हाते मालो गर्ने प्रतिबद्धता जनाएका थिए ।

## डर्बान सम्मेलनमा साइड इभेन्टहरू

पक्ष राष्ट्रहरूको सम्मेलन अवधिमा सम्मेलन स्थल नजिकै विभिन्न साइड इभेन्टहरू गरिने प्रचलन रहिआएको छ । यस्ता साइड इभेन्टहरू मार्फत सरकारी, गैरसकरकारी र अन्य संस्था तथा समूहले आफ्ना सवालहरू वृहत समूह वा समुदायसम्म पुऱ्याउने माध्यमको रूपमा प्रयोग गर्दछन । नेपालको तर्फबाट पनि यस पटकको डर्बान सम्मेलनमा सरकारी र अन्तरसरकारी तहमा साइड इभेन्टहरू आयोजना गरिएको थियो । नेपाल सरकारले आगामी अप्रिल २०१२ मा आयोजना गर्ने अन्तर्राष्ट्रिय पर्वतीय अभियान (Mountain Initiative) सम्मेलनका बारेमा अन्तर्राष्ट्रिय समुदायलाई जानाकारी दिन एउटा साइड इभेन्ट गरेको थियो । विभिन्न देशका उच्च पदस्थ अधिकारी र अन्तर्राष्ट्रिय संस्थाहरूका प्रतिनिधि सम्मिलित उक्त इभेन्टमा उनीहरू ले नेपालको यस अभियानमा सहयोग र हातेमालो गर्ने प्रतिबद्धता जनाएका थिए ।

यसै गरी पर्वतीय मुद्दामा अन्तर्राष्ट्रिय समुदायको ध्यान आकृष्ट गर्ने उदेश्यले ICIMOD ले एउटा साइड इभेन्ट आयोजना गरेको थियो । पाँचवटा पर्वतीय देशका वातावरण मन्त्री र जलवायु परिवर्तन सम्बन्धी अन्तरसरकारी मञ्च (Inter Governmental Panel on Climate Change-IPCC) समेत उपस्थित उक्त साइड इभेन्टमा पर्वतीय देशहरूमा गरिनुपर्ने action pledge का बारेमा जानाकारी गराईएको

## आगामी जलवायु सम्मेलन

आगामी सन् २०१२ मा जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्रिय संघीय खाका महासन्धिका पक्ष राष्ट्रहरूको १८ औं सम्मेलन (Eighteenth Conference of Parties - COP) मंसिर ११ देखि २२ सम्म (Nov 26 to Dec 7, 2012) कतारमा गर्ने निर्णय गरिएको छ । गएको एक वर्षसम्म एशियाका दुई देश कतार अथवा दक्षिण कोरिया बीच सम्मेलन कुन देशमा गर्ने भन्नेमा सहमति हुन नसके पनि अन्तिम समयमा दक्षिण कोरिया पछि हटे पछि कतारमा १८ औं सम्मेलन हुने निश्चित भएको हो । साथै सम्मेलन पुर्व मन्त्री स्तरिय बैठक भने दक्षिण कोरियामा हुने छ ।




# डर्बान सम्मेलनका लागि नेपालको तयारी

जलवायु परिवर्तन सम्बन्धी अन्तर्राष्ट्रिय छलफलका लागि नेपालले गर्ने तयारी सरकारी र नागरिक समाजको तर्फबाट पक्ष राष्ट्रहरूको सम्मलनको मुखैमा परामर्श कार्यक्रम राख्नेमै सिमित रहने गरेको छ । अन्तर्राष्ट्रिय स्तरमा जलवायु वार्ताको लगभग दुई दशक लामो इतिहास पार गरिसक्दा समेत हामीले वार्ताका लागि आवश्यक यथेष्ट विषयगत विज्ञहरू तयार गर्न सकेका छैनौं ।

यस पटकको सम्मेलनका लागि नेपालको पूर्व तयारी पहिलेका सम्मेलनहरूमा भन्दा संयोजित रहेको थियो । हरेक वर्ष जस्तै Climate Change Network Nepal को अग्रसरतामा डर्बान सम्मेलनमा नेपाली प्रतिनिधिहरू जानु अघि दुईवटा कार्यक्रमहरू आयोजना गरिएको थियो । पहिलो कार्यक्रम अर्न्तगत सम्मेलनमा सहभागी हुने नेपाली टोली र यस विषयसँग जानकार २५ जना भन्दा बढी सहभागीहरू बीच, UNFCCC का विविध पक्षहरूबारे र यस पटकको सहभागिता कसरी प्रभावकारी बनाउने भन्ने बारेमा दुई दिने कार्यक्रम आयोजना गरिएको थियो । कार्यक्रममा डर्बान सम्मेलनको दौरानमा नेपाली सहभागीहरूको नियमित बैठकको तालिका, डर्बान सम्मेलनका सहभागिहरूले नेपालमा पठाउने जानकारी र सम्मेलन पश्चात गर्नु पर्ने क्रियाकलापहरूबारे छलफल र निर्णय भएको थियो । CCNN ले नै २०६८, कार्तिक २७ गते Pre-COP17 Consultation Workshop आयोजना गरेको थियो । यस विषयसँग सम्बन्धित सरोकारवालाहरूको उल्लेखनीय उपस्थिती माझ वातावरण मन्त्रालयका सचिव श्री कृष्ण ज्ञवाली र सह-सचिव श्री बटु कृष्ण उप्रेतीले डर्बान सम्मेलनका लागि नेपाल सरकारले गरेको तयारी र वार्ताका विषयवस्तुबारे धारणा राख्नु भएको थियो । त्यसैगरी पत्रकारहरूका तर्फबाट वातावरण पत्रकार समूहका अध्यक्ष श्री लक्ष्मण उप्रेती, प्राज्ञिक वर्गका तर्फबाट प्रा. डा. मदन कोईराला र विज्ञ अजय दीक्षितले आफ्ना धारणा र सुझावहरू प्रस्तूत गर्नु भएको थियो । छलफलमा भएका निष्कर्षहरू सुनाउँदै CCNN का संयोजक, श्री भुषण तुलाधरले नागिरक समाज यस विषयमा सरकारलाई सहयोग गर्न संधै तयार रहेको र सरकारमा तर्फबाट समेत त्यस्तै अपेक्षा गरिएको कुरा बताउनु भएको थियो ।

त्यसैगरी वातावरण मन्त्रालयले पनि परमर्श कार्यक्रम आयोजना गरेको थियो । कार्यक्रममा सरोकारवाला विभिन्न सरकारी र गैरसरकारी निकायहरूको उल्लेखिनिय उपस्थिति रहेको थियो । उक्त कार्यक्रममा वातावरण मन्त्रालयका उच्च पदस्थ पदाधिकारीका साथै अन्य विशिष्ट अतिथिहरूको उपस्तिथि रहेको थियो । छलफलमा सरोकारवालाहरूबाट सुझाव लिनुका साथै सम्मेलनमामा हुने सहभागीताका बारेमा जानकारी गराइएको थियो । डर्बान सम्मेलनमा लगभग ५५ जना जति नेपालीहरूको सहभागिता रहेको थियो । लगभग ३० जना जतिको नेपाली राष्ट्रिय टोलीको नेतृत्व वातावरण मन्त्री श्री हेमराज तातेड ज्यूले गर्नु भएको थियो । सम्मेलनम सहभागी हुने राष्ट्रिय टोलीका सदस्यहरू बीच जीम्मेवारीको यथोचित बाँडफाँड हुनु यस पटकको सकरात्मक पक्ष थियो ।

COP17/CMP7
UNITED NATIONS
CLIMATE CHANGE CONFERENCE 2011
DURBAN, SOUTH AFRICA

कार्यक्रममा सरोकारवाला विभिन्न सरकारी र गैरसरकारी निकायहरूको उल्लेखिनिय उपस्थिति रहेको थियो । उक्त कार्यक्रममा वातावरण मन्त्रालयका उच्च पदस्थ पदाधिकारीका साथै अन्य विशिष्ट अतिथिहरूको उपस्तिथि रहेको थियो ।



# फर्केर हेर्दा:
# नेपालको सहभागिता

COP17/CMP7
UNITED NATIONS
CLIMATE CHANGE CONFERENCE 2011
DURBAN, SOUTH AFRICA

> जबसम्म राष्ट्रले यस मुद्धालाई आफ्ना चासोहरूलाई उठान गर्ने अवसर र देशमा जलवायुको नाममा आर्थिक स्रोत जुटाउने बलियो आधारको रूपमा लिदैन, त्यस वेला सम्म सहभागिताको मात्र केही माने रहँदैन । नेपालको सहभागिताको इतिहासलाई हेर्दा, नेपालले आफ्ना मुद्दाहरूलाई सशक्त रूपमा अन्तर्राष्ट्रिय मञ्चमा प्रस्तुत गर्ने, भएका सहमतिहरूबाट अधिकतम लाभ लिने सन्दर्भमा अलिक पछाडि परेको दखिन्छ ।

अन्तर्राष्ट्रिय जलवायु वार्ता र छलफलहरूमा आ-आफ्ना राष्ट्रिय स्वार्थ, आर्थिक, राजनैतिक र परम्परागत विकास पथलाई प्रयास दिने प्रवृत्तिले प्राथमिक्ता पाउने तर वातावरणी र दिगो विकास तथा हरित गृह ग्याँस उत्सर्जन न्यूनिकरण मुद्दाहरू ओझेलमा पर्ने गरेको पाइन्छ् । अधिकांश देशहरूले यस प्रकृयालाई राष्ट्रिय चासोका विषयहरूलाई उठान गर्ने थलोको रूपमा लिएको पाईन्छ । अझ केहि राष्ट्रहरूले त यस मञ्चलाई आफ्नो राष्ट्रमा परेका र पर्न सक्ने जोखिमका बारेमा धेरै भन्दा धेरै प्रचार गरी, यस सँग जुझ्न आवश्यक आर्थिक स्रोत जुटाउने दरिलो माध्यम समेत बनाउने गरेकाछन् ।

नेपालले सन् १९९२ को पृथ्वी सम्मेलन र त्यस पछिका पक्ष राष्ट्रहरूका सबै जसो बैठकहरूमा आफ्नो उपस्थिति जनाउदै आएको छ । पहिले पहिलेका सम्मेलनहरूमा २-३ जनामा सिमित रहने नेपाली प्रतिनिधि टोली सन् २००६ मा नाईरोबीमा भएको १२ औं सम्मेलनमा आइपुग्दा ४-५ जना सम्मको हुन थाल्यो, त्यस पछि जुन तवरले अन्तर्राष्ट्रिय वृत्तमा जलवायु परिवर्तनको विषयले आधिपत्य छायो, नेपालमा पनि सरकारी र गैर सरकारी क्षेत्रमा यसको प्रभावहरू देखिन थाले । सन् २००७ को अन्त्य तिर ईन्डोनेसियाको बालीमा भएको १३ औं सम्मेलनमा १० जना जतिको नेपाली प्रतिनिधि मण्डलले सहभागीता जनायो । साथै यहि सम्मेलनबाट अन्य विभिन्न राष्ट्रहरूमा झैं नेपाली सरकारी प्रतिनिधि मण्डलमा नागरिक समाजका प्रतिनिधिहरूलाई सहभागीता गराउन थालियो । अन्तर्राष्ट्रिय स्तरमा जलवायु परिवर्तन सम्बन्धि मुद्दाको चुलिदो चर्चासँगै सन् २००९ मा कोपनहेगनमा भएको सम्मेलन र त्यस यता उल्लेख्य रूपमा नेपालीहरूले सहभागिता जनाउन थालेका छन् ।


सम्मेलनमा एकै पटकमा कैयौं बैठकहरू चलिरहेका हुन्छन्, त्यस मध्ये राष्ट्रिय महत्वका विषयहरूका बैठकमा मात्रै भाग लिन पनि कम्तिमा १० जनाको निरन्तर खट्ने टोलिको आवाश्यकता पर्छ, जुन नेपालको सन्दर्भमा खट्केको पाईन्छ । जबसम्म राष्ट्रले यस मुद्धालाई आफ्ना चासोहरूलाई उठान गर्ने अवसर र देशमा जलवायुको नाममा आर्थिक स्रोत जुटाउने



बलियो आधारको रूपमा लिदैन, त्यस बेलासम्म सहभागिताको मात्र केही माने रहँदैन । नेपालको सहभागिताको इतिहासलाई हेर्दा, नेपालले आफ्ना मुद्दाहरूलाई सशक्त रूपमा अन्तर्राष्ट्रिय मञ्चमा प्रस्तुत गर्ने, भएका सहमतिहरूबाट अधिकतम लाभ लिने सन्दर्भमा अलिक पछाडि परेको दखिन्छ । सम्मेलनमा जानु अघि वृस्तित तयारी गर्नु भन्दा पनि सरकारी प्रतिनिधि मण्डलमा को को जाने भन्नेमा नै धरै समय बित्ने गरेको छ । तै पनि हालका दिनमा यो प्रवृतिमा क्रमशः सुधार हुदै आएको मान्न सकिन्छ । जस्तो कि सन् २००९ मा कोपनहेगन सम्मेलनमा जानु भन्दा पहिले नेपालले पहिलो पटक सार्वजनिक रूपमा जलवायु परिवर्तन स्थिति पत्र (status paper) तयार गरेको थियो । सम्मेलनले माग गरे अनुसारका सुझाव (Submission) हरू समेत बेला बेलामा नेपालले बुझाउँदै आइरहेको छ । डर्बान सम्मेलनमा जानु अघि राष्ट्रिय अनुकूलन योजना (NAP) का लागि नेपालले UNFCCC लाई सुझाव बुझाएको थियो ।


सन् २०१४ बाट संयुक्त राष्ट्र संघीय जलवायु परिवर्तन खाका महासन्धि अन्तर्गत अतिकम विकसित राष्ट्रहरूको समूहको नेतृत्व गर्ने पालो एशियाली अतिकम विकसित राष्ट्रहरूको परेको छ । यस पटकको सम्मेलनमार्फत नेपालले यसको नेतृत्वका लागि आफ्नो दावेदारी प्रस्तुत गरिसकेको छ । यस सन्दर्भमा, अब नेपालले खालि सहभागिता मात्रै जनाउने नभइ नेतृत्वदायी भुमिका खेल्नु सक्नु पर्दछ । अब तुरून्तै नेपालले एउटा स्थाइ प्रकारको चुस्त वार्ता टोली गठन गरी काम सुरू गर्न ढिला भइसकेको छ । वार्ता टोलीमा संलग्नहुने सरकारी कर्मचारीको जतिबेला पनि अन्य कार्यभार दिई सरूवा हुन सक्ने अस्थिरताको स्थितिमा सबल निर्णय र कार्य हुन नसक्ने हुदा उनीहरूको कार्यभारको स्थायित्वको बारेमा समेत नेपाल सरकारले स्पष्ट निर्णय लिन सक्नु पर्दछ । त्यसै गरी, अन्य मुलुकहरूको सिको गर्दै, आवश्यक दक्षता भएका राष्ट्रिय स्तरमा उपलब्ध विज्ञहरूको सहयोग लिन समेत सरकार पछि पर्नु हुँदैन ।

साथ साथै, पछिल्ला दिनहरूमा यस्ता सम्मेलनहरूमा जाने प्रतिनिधिहरूको बढेको संख्यासँगै सम्बन्धित निकायहरू र राष्ट्रले उनीहरूसँग कसरी संयोजनकारी ढंगले अघि बढ्ने र अधिकतम प्रतिफल लिने तर्फ पनि गहन छलफल हुन जरूरी छ । समग्रमा यस विषयमा सम्मेलनको पूर्वसन्ध्यामा मात्र अग्रसरता देखाउने भन्दा पनि छलफलको नियमित प्रकृया बनाउनु आवश्यक छ ।




COP17/CMP7
UNITED NATIONS
CLIMATE CHANGE CONFERENCE 2011
DURBAN, SOUTH AFRICA

अब तुरून्तै नेपालले एउटा स्थाइ प्रकारको चुस्त वार्ता टोली गठन गरी काम सुरू गर्न ढिला भइसकेको छ । वार्ता टोलीमा संलग्नहुने सरकारी कर्मचारीको जतिबेला पनि अन्य कार्यभार दिई सरूवा हुन सक्ने अस्थिरताको स्थितिमा सबल निर्णय र कार्य हुन नसक्ने हुदा उनीहरूको कार्यभारको स्थायित्वको बारेमा समेत नेपाल सरकारले स्पष्ट निर्णय लिन सक्नु पर्दछ ।



# अबका छलफलका प्रमुख विषयहरू

डर्बान सम्मेलनले क्यानकुन सहमतिमा उल्लेख भएका निर्णयहरूलाई कार्यान्वयनमा लैजाने दिशामा केही मार्गदर्शन, निर्देशिका र ढाँचा तयार गरेको छ । यसका साथै आगामी सम्मेलनहरू सम्ममा छलफल गरी निणर्यमा पुग्नका लागि केहि महत्वपुर्ण विषयहरूलाई यस सम्मेलनले थाँति राखेको छ । ति मध्ये क्योटो अभिन्धीको द्रोम्रो प्रतिबद्धता अवधिबारेका थप छलफल, हरित जलवायु कोष र प्रविधी केन्द्रहरूका सचिवालय छनोट गर्ने प्रकृया र यसै सम्मेलनले स्थापना गर्ने निर्णय गरको डर्बान मञ्चका आगामी कार्यहरू बारेको छलफल सबैको चासोको विषय बन्नेछ । डर्बान सम्मेलनमा निर्णय भएर अझै धेरै काम गर्न बाँकी रहेका विषयहरूलाई यहाँ छोटकरीमा उल्लेख गरिएको छ :

- क्योटो अभिसन्धि सम्बन्धी निर्णयमा यसको द्रोम्रो प्रतिबद्धता अवधि सन् २०१३ मा सुरू भएर सन् २०१७ या सन् २०२० मा समाप्त हुने भनिएको छ । यस बारेको निर्णय क्योटो अभिसन्धी अन्तर्गतका कार्यहरूलाई अघि बडाउनका लागि तदर्थ कार्यसमुह (AWG-KP) को आगामी (१७औं) बैठकमा हुने अपेक्ष गरिएको छ ।
- क्योटो अभिसन्धि अन्तगर्तको पहिलो प्रतिबद्धता अवधिमा प्रतिबद्धता जनाए अनुसार नघटाएको कार्बन उत्सर्जनले उब्जाउने सम्भावीत परिणमहरू र यसका लागि गर्न सकिने कार्यहरूका बारेमा आगामी क्योटो अभिसन्धिका पक्ष राष्ट्रहरूको आठौं सम्मेलनमा निर्णय गर्ने भनिएको छ ।
- दीर्घकालीन सहकार्यका लागि तदर्थ कार्यसमुह (AWG-LCA) र क्योटो अभिसन्धि अन्तर्गतका कार्यहरूलाई अघि बडाउनका लागि तदर्थ कार्यसमुह (AWG-KP) हरूको म्याद अन्तिम पटक थप गरी आगामी सम्मेलन (COP18/CMP9) सम्ममा आफ्नो कार्यहरू गरी सक्नु पर्ने भनिएको ले गर्दा, यी समुहहरूले आगामी दिनहरूमा गर्न बाकी कार्यहरू महत्वपूर्ण हुनेछन् ।
- "डबार्न मञ्चः बृहत कार्य योजना लागि तदर्थ कार्य समुह" ले सम्पूर्ण राष्ट्रहरूलाई अनुकूल हुने किसिमको बृहत सहमति तयार गर्न आफ्नो कार्य सन् २०१२ भित्रमा सुरू गरी सन् २०१५ भित्रमा सम्पन्न गरी सक्नु पर्ने छ । तसर्थ यस बीचमा डबार्न मञ्च सम्बन्धी छलफल अत्यन्त्य महत्वपूर्ण हुने छ ।
- हरित जलवायु कोष र जलवायु प्रविधि केन्द्रको सचिवालय स्थापना गर्न आवश्यक प्रकृयाहरू बारे डर्वानमा सहमति भईसकेकाले आगामी दिनहरूमा यसका छनोट प्रकृया र सचिवालयहरूको क्रयाकलापहरू बारे पक्ष राष्ट्रहरूको विशेष चासो हुनेछ ।
- आगामी केहि महिना भित्रमा अनुकुलन समिति र हरित जलवायु कोषको बोर्डका सदस्यहरूको मनोनयन भइसक्नेछ । त्यस पश्चात, यी समिति र बोर्डले कस्तो कार्य गर्नेछन् भन्ने कुराले समेत आगामी जलवायु छलफललाई दिशानिर्देश गर्नेछ ।

COP17/CMP7
UNITED NATIONS
CLIMATE CHANGE CONFERENCE 2011
DURBAN, SOUTH AFRICA

"डबार्न मञ्चः बृहत कार्य योजना लागि तदर्थ कार्य समुह" ले सम्पूर्ण राष्ट्रहरूलाई अनुकूल हुने किसिमको बृहत सहमति तयार गर्न आफ्नो कार्य सन् २०१२ भित्रमा सुरू गरी सन् २०१५ भित्रमा सम्पन्न गरी सक्नु पर्ने छ ।

We Have Faith
act now for climate justice

लेखन तथा सम्पादन : मन्जित ढकाल र सुनिल आचार्य

जलवायु परिवर्तन सञ्जाल नेपाल
Climate Change Network Nepal
www.ccnn.org.np

सचिवालय
स्वच्छ ऊर्जा नेपाल
१४० बुलबुले मार्ग, थापागाउँ, बानेश्वर,
पोष्ट बक्स ५८६२, काठमाडौं ।
फोन ०१ ४४६४९८१, ०१६९१५६४९
इमेल info@cen.org.np
वेबसाइट www.cen.org.np

सहयोग
Oxfam

जलवायु परिवर्तन सञ्जाल नेपाल (Climate Change Network Nepal) जलवायु परिवर्तन सम्बन्धी काम गर्ने विभिन्न राष्ट्रिय तथा अर्न्तराष्ट्रिय गैरसरकारी संस्थाहरूको सञ्जाल हो । यसले आफ्नो गतिविधि तथा जलवायु परिवर्तन सम्बन्धी जानकारी दिनको लागि यो विशेषङ्क प्रकाशित गरेको छ ।

यस प्रकाशनमा व्यक्त विचार र जानाकारी लेखकहरूका व्यक्तिगत विचार हुन् र उक्त विचार र जानाकारीहरू CCNN का आधिकारिक धारणासँग मेल नखान पनि सक्दछन् ।

design&printproduction: wps, eMail: printnepal@gmail.com